# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७५ चैत ४

### डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरुको मानव अधिकार संरक्षण सम्बन्धमा छलफल

राष्ट्रिय मानव अधिकार आयोगले डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरुको मानव अधिकारको संरक्षण सम्वन्धमा आज विभिन्न सरोकारवालाहरुवीच छलफल गरेको छ । छलफलको क्रममा अपाङ्गता भित्र पनि डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरुको समुदाय सीमान्तकृत समुदायमा पर्ने हुनाले उनीहरुको अवस्था अत्यन्त जोखिममा परेको देखिएको छ ।

डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरुको संरक्षण सम्वन्धी आजको अन्तरक्रियामा आयोगका माननीय सदस्य प्रकाश वस्तीले अपाङ्गगता भएका व्यक्तिहरुको मानव अधिकारको अवस्था सम्वन्धमा आयोगवाट अनुगमन तथा प्रादेशिक तथा राष्ट्रिय सम्मेलन सम्पन्न गरी नेपाल सरकारलाई सिफारिस गरेको बताउनुभयो । अपाङ्गताको विषय सम्वन्धी कानून, नीति तथा सन्धि, महासन्धिका प्रावधानको कार्यान्वयनमा सरकारको उदासीनता रहनेगरेको आयोगको धारणा रहेको उहाँले बताउनुभयो । साथै उहाँले डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरुको विशेष क्षमताको पहिचान गरी राज्यले विशेष अवसर प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षणलाई आयोगले प्राथमिकतामा राख्दै अपाङ्गताको विषय हेर्न एक सदस्य तथा फोकल अधिकृत तोकिएको जानकारी गराउनुभयो । सो क्रममा डाउन सिन्ड्रोम समाज नेपालका अध्यक्ष, शीला थापाले डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरुको मानव अधिकार सम्वन्धमा प्रकाश पार्नुभएको थियो । डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरुको अधिकार प्राथमिकतामा नपरेको, घरभित्र समेत भेदभावपूर्ण वातावरणको शिकार हुनुपरेको, शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था तथा सुनिश्चितता हुन नसकेको, अपाङ्गताको अवस्था अनुसार परिचयपत्र प्राप्त गर्न नसक्दा पहिचानको अधिकारबाट समेत वञ्चित हुनुपरेको, सम्मानपूर्वक बाँच्न पाउने अधिकारबाट वञ्चित रहनुपरेको लगायतका सवालहरु छलफलमा सहभागीहरुले औल्याउनु भयो ।

नेपालको संविधान, २०७२ को धारा २४(१) र २४(३) तथा धारा ४३ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यत्तिहरुको मानव अधिकार सम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्र समेत हो ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका सचिव, विभिन्न सरकारी निकायका प्रतिनिधिहरु, अपाङ्गगता एवं डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरुको अधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संघ संस्थाकाका प्रमुख तथा प्रतिनिधिहरु र आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

वेद भट्टराई
सचिव